दैनिक लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक १७९ | बुटवल | २०८२ असार ११ गते बुधबार | नेपाल संवत ११४५ | Wednesday June.25, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं

तपाईको अत्यन्तै जरुरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्

सुपर काइनेटिक कुरियर्स सर्भिस

ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१


## तिलोत्तमाको बेरुजू ३३ करोड पुग्यो,

# बजेट खर्चमा महालेखाको प्रश्नैप्रश्न

**गत आवको मात्रै ५ करोड ३५ लाख बेरुजू मध्ये असुल गर्नुपर्ने १ करोड १ लाख ७५ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने ८२ लाख २४ हजार, नियमित गर्नुपर्ने ३ करोड ३९ लाख ४९ हजार र पेस्की बाँकी १२ लाख १० हजार रहेको छ।**

**लुम्बिनी संवाददाता**

*बुटवल।*

रुपन्देहीको तिलोत्तमा नगरपालिकाको हालसम्मको अद्यावधिक बेरुजू ३३ करोड १७ लाख ५५ हजार पुगेको छ। महालेखा परीक्षकको कार्यालयको ६२ औं प्रतिवेदन अनुसार आर्थिक वर्ष २०८०/८१ मा मात्रै तिलोत्तमाको बेरुजू ६ करोड ७ लाख ७३ हजार देखिएको छ।४ अर्ब ४५ करोड ४४ लाख ७४ हजारको लेखापरीक्षण गरिएकोमा ७२ लाख १५ हजारको प्रतिक्रिया प्राप्त भई सोमाथि कारबाही हुंदा बाँकी बेरुजु ५ करोड ३५ लाख ५८ हजार छ।

हालका नगर प्रमुख रामकृष्ण खांणले आफ्नो चुनावी घोषणापत्रमा नगरलाई बेरुजू शुन्य पालिका बनाउने एजेण्डालाई प्राथमिकता साथ उठाउंदै भोट मागेका थिए। तर खांणको तीन वर्षे कार्यकाल मध्ये दुई आर्थिक वर्षमा भएको महालेखा परीक्षणमा करोडौं बेरुजू देखिएको हो। आव २०८०/८१ को बेरुजू मध्ये असुल गर्नुपर्ने १ करोड १ लाख ७५ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने ८२ लाख २४ हजार, नियमित गर्नुपर्ने ३ करोड ३९ लाख ४९ हजार र पेस्की बाँकी १२ लाख १० हजार रहेको छ। नगरपालिकाको गत वर्षसम्मको बेरुजु रु.३१ करोड ६३ लाख ११ हजार मध्ये रु. ३ करोड ८१ लाख १४ हजार सम्परीक्षण पश्चात २७ करोड ८१ लाख ९७ हजार बेरुजू बाँकी रहेकोमा यस वर्षको बेरुजुसमेत हालसम्मको अद्यावधिक बेरुजू रु.३३ करोड १७ लाख ५५ हजार पुगेको हो।

२० प्रतिशत घट्यो आम्दानी

पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर र विभाज्य कोषको साठी प्रतिशत अंश समेत अनुमानित रु.३८ करोड ८५ लाख प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा रु.३१ करोड १६ लाख ५५ हजार ९९२ अर्थात अनुमान भन्दा २० प्रतिशत घटी आम्दानी देखाएको छ। २ अर्ब ३१ करोड केन्द्रीय अनुदान रहेको गत वर्षको वजेटमा पालिकाको आन्तरिक आय १५प्रतिशत मात्रै छ।

**व्यवसाय कर १८ प्रतिशत कम संकलन**

गत वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु. ३ करोड संकलन गर्ने अनुमान गरेकोमा१८ प्रतिशत कम २ करोड ४८ लाख संकलन गरेको छ। पालिकाले व्यवसायीहरुको अभिलेख समेत अध्यावधिक गरेको छैन। यसबाट पालिकाले संकलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था नरहेको महालेखाले औंल्याएको छ।

**विपद कोषको रकम कार्यविधि विपरित खर्च**

पालिकाको विपद व्यवस्थापन कोषमा आ.व. २०८०/८१ मा कुल रकम रु.१ करोड ५५ लाख ७७ हजार ५६३ आम्दानी रहेकोमा ६२ लाख ५४ हजार ४२६ रकम खर्च भई ९३ लाख २३ हजार १३७ बाँकी रहेको देखाइएकामा पालिकाले राहत वितरण सम्बन्धि कार्यविधि तर्जुमा नगरेको र विपद् प्रभावित एकिन गरेर राहत उपलब्ध गराउनुपर्नेमा राहत प्राप्त गर्ने व्यक्ति वास्तविक विपद प्रभावित हुन् वा होइनन् यकिन हुन नसकेको महालेखाले औंल्याएको छ।

विपद व्यवस्थापन कोषको खर्च कार्यविधि विपरित विभिन्न योजनहरुको मर्मत कार्यमा खर्च गरेको र ऐन तथा नियमावलीमा तोकिएको कार्यहरु पालना नगरेको देखिएको भन्दै महालेखाले यस्तो खर्च प्रवृत्तिमा नियन्त्रण गर्न भनेको छ।

**१० लाखको प्रकोप सामान खरिदको प्रमाण छैन**

तिलोत्तमाले फिस्टेल सप्लायर्सबाट खरिद गरेको करिब १० लाख रुपैयांको क्लाइम्बिङ रोप र तारपलिन लगायत प्रकोप सामाग्रीहरुको नाम, परिमाण र मुल्य समेत नखुलाई जिन्सी श्रेस्ता राखेको भन्दै महालेखाले प्रश्न उठाउंदै खरिद गरेको मालसामानको नाम र स्पेशिफिकेशन सहितको जिन्सी दाखिला भएको प्रमाण पेश गर्नभनेको छ।




**दैनिक भ्रमण भत्तामा २४ लाख**

तिलोत्तमाका कर्मचारी तथा पदाधिकारीको मुख्य कार्यक्षेत्र पालिका भित्रको स्थान रहेकोमा पालिकाबाट कर्मचारी र जनप्रतिनिधिहरु विभिन्न मितिमा पालिका भन्दा बाहिर काठमाण्डौ, प्रदेश राजधानी लागायका विभिन्न स्थानमा सरकारी कामकाजको लागि भ्रमण गरी दैनिक भ्रमण भत्तामा २४ लाख १० हजार खर्च लेखेको छ। भ्रमणमा खटिने कर्मचारी तथा जनप्रतिनिधिहरुले सरकारी कामकाजको लागि भनेर पटक पटक भ्रमण वा काजमा खटिएको भन्दै भ्रमण भत्ता लिने गरेको तर भ्रमणमा सम्पादन गरेको सरकारी काम विवरण सहित भ्रमण प्रतिवेदन पेश नगरेको महालेखाले प्रश्न उठाएको छ। कामकाज वेगर काजमा खटिएको भनी भ्रमण आदेश स्वीकृत गरी खर्च लेख्ने कार्य नियन्त्रण गर्न महालेखाले भनेको छ।

**बिविध र होटेल खर्चमा ७९ लाख**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा ३ मा योजना बनाउदा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने जनताको जिवनस्तर, आम्दानी, रोजगार बढने जस्ता योजनालाइ प्राथमिकता दिई बजेट विनियोजन गरी खर्च गर्नुपर्नेमा व्यवस्था छ। तर तिलोत्तमाले गत वर्ष खाना तथा विविध खर्चमा ७९ लाख ३१ हजार खर्च गरेको छ। पालिकामा कार्यरत कर्मचारी, स्थानीय तह प्रदेश तथा कार्यालयबाट आउने कर्मचारी तथा जनप्रतिनिधि चिया, नास्ता, खानामा होटेल विल राखी खर्च लेखेकोले पालिकाले यस्तो खर्चमा नियन्त्रण गर्न महालेखाले भनेको छ।

**ऐन विपरित करार कर्मचारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिइने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने तर अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ। तर तिलोत्तमाले विभिन्न पदमा कर्मचारीहरु करारमा राखी रु. २ करोड १७ लाख ९३ हजार ४३४ खर्च लेखेको छ। त्यसैगरी सोही ऐनको दफा ८३ (८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ। पालिकाले माथि उल्लेखित पद वाहेकका अन्य विभिन्न अधिकृत छैठौं, सहायक कम्युटर, इन्जिनियर, सव इन्जिनियर, सहायक चौथो पदमा कर्मचारी करार नियुक्त गरी एक करोड ६० लाख ३ हजार ३०७।- खर्च लेखेको छ भने पालिकाले स्वीकृती दरवन्दी भन्दा बढी २ जना अमिन १ जना फिल्ड सहायक नियुक्त गरी रु.१२ लाख ८३ हजार १७८।- खर्च लेखेको छ। यो खर्च नियम सम्मत नदेखिएको भन्दै महालेखाले प्रश्न उठाएको छ।

**दरवन्दी भन्दा बढी १५ जना काज कर्मचारी**

स्वास्थ्य सेवा ऐन २०५३ को दफा ८ (ख) मा सार्वजनिक निकायले कर्मचारीले गर्नुपर्ने कामको लागि कुनै व्यक्तीलाई करारमा वा ज्यालादारीमा नियुक्त गर्न नपाइने व्यवस्था छ। त्यस्तै कर्मचारी समायोजन ऐन २०७५ को दफा ९(१) मा कर्मचारी समायोजन गर्दा समेत प्रदेश वा स्थानीय तहको सेवामा स्वीकृत भएको दरवन्दी पुर्ति हुन नसकी रिक्त रहेको अवस्थामा मात्र पुल दरवन्दी कायमा भएका सम्वन्धित सेवा समुहका कर्मचारी मध्येबाट निज वहाल रहेको पदसंग मिल्दोजुल्दो तहको कर्मचारीलाई काजमा खटाउन सकिने व्यवस्था छ। तर तिलोत्तमाले स्वास्थ्य सेवाको लागि स्वीकृत दरवन्दी अनुसार जनशक्तिको पदपुर्ति रहेको अवस्थामा दरवन्दी भन्दा १५ जना बढी कर्मचारीलाइ काजमा राखि वार्षिक एक करोड १२ लाख ७९ हजार ९५९। खर्च लेखी बढी व्यभार पारेको छ। महालेखाले स्वीकृत दरवन्दी भन्दा बढी कर्मचारी काजमा राखी खर्च लेखेको नियम सम्मत नदेखिएको भनेको छ। यस्तै ऐन विपरित स्वकीय सचिव नियुक्ति गरी गत वर्ष ४ लाख ६१ हजार ४९० पारिश्रमिक भुक्तानी दिइएको महालेखाले औंल्याउँदै यसलाई गलत भनेको छ। यद्यपि स्वकीय सचिव तिलोत्तमामा मात्र नभई अन्य नगरपालिका प्रमुखले समेत राखेका छन्। स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधासम्बन्धी ऐन, २०७५ मा पदाधिकारीहरूको लागि स्वकीय सचिव र सल्लाहकार राखी पारिश्रमिक दिने व्यवस्था छैन।

**जनप्रतिनिधिको सुविधामा एक करोड ७७ लाख**

जनप्रतिनिधिहरुले जनताको काममा निस्वार्थ खटिएको भाषण गर्दै हिंडेपनि उनीहरुले विभिन्न शिर्षकमा मासिक सुविधा लिन्छन्। जुन कर्मचारीले मासिक तलब लिए भन्दा सारमा फरक छैन। यस्तो सुविधा सबै पालिकाका जनप्रतिनिधिले लिने गरेका छन्। तिलोत्तमाका मेयर, उपमेयर, १७ जना वडाध्यक्ष, ७ जना कार्यपालिका सदस्य र नगर सभाका ६३ जनाले विभिन्न सात शिर्षकमा गत वर्ष एक करोड ७७ लाख ८८ हजार रुपैयां सुविधा वापत बुझेका छन्। नगर प्रमुख खांण र उपमेयर जगेश्वरदेवी चौधरीले नगरपालिकाको गाडी चढ्ने भएकाले यातायात सुविधा लिएका छैनन्। तर इन्धन नगरकै हाल्ने गरेका छन्। मेयर खांणले आफ्नो मासिक सुविधाको रकमबाट विद्यार्थीलाई छात्रवृत्ति दिने गरेका छन् भने वडा नं ६ का वडाध्यक्ष गणेश पाठकले वडा कार्यालयमा सेवाग्राहीका निवेदन निशुल्क लेखिदिने कर्मचारी राखेर आफूले पाउने सुविधाबाट तलब दिने गरेका छन्। अरु जनप्रतिनिधले यातायात,टेलिफोन, मोबाइल,पुस्तक,पत्रिका, इन्टरनेट,समन्वय सहजिकरण,अतिथि सत्कार र चाडपर्व गरी सात वटै शिर्षकमा सुविधाको रकम लिने गरेका छन्।

**उपमेयरको अनुगमन भत्ता अनियमित**

पालिका भित्र संचालित योजनाहरुको उपमेयर जगेश्वरदेवी चौधरी संयोजक रहेको समितिले अनुगमन गरी अनुगमन भत्ता लिएको तर फरफारक समिति गठन गरी विभिन्न मितिमा बैठक बसी रु. ७ लाख १४ हजार खर्च लेखेर प्रतिवेदन पेश गरेकोमा पुनः फरफारक समिति गठन गरी योजनाहरुको फरफारक समितको बैठक भत्ता लेखेकोमा उक्त भत्ता रकम नियमसम्मत नदेखिएको महालेखाले भनेको छ।

**इन्धनमा ८० लाख खर्च**

स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्वन्धी ऐन २०७६ को दफा ४ मा पदाधिकारीलाईसवारी साधन उपलब्ध गराउने र अनुसुचीमा उल्लेख भए अनुसार मासिक १२० लिटर इन्धन र त्रैमासिक रुपमा ५ लिटर मोविल उपलब्ध गराउने उल्लेख छ। तिलोत्तमामा कार्यरत कर्मचारीले प्रयोग गर्ने सरकारी तथा प्राइभेट मोटरसाइकललाई मासिक १० लिटरको दरले र अन्य सवारीसाधनमा इन्धन प्रयोग गरी ८० लाख खर्च लेखेको छ। तर सवारी साधनमा भएको इन्धनको खर्चको अभिलेख र इन्धन खर्चको विलसगै इन्धन प्रयोग भएको कुपन नम्वर सवारी साधनको नम्वर र इन्धनको परीमाण समेत उल्लेख गरी खर्च लेख्नुपर्नेमा इन्धनको परीमाण र रकममात्र उल्लेख गरेकोले महालेखाले प्रश्न उठाएको छ।

**होटेलमा तीज मनाउन २ लाख**

तिलोत्तमाले गत वर्ष द एस आर होटलमा तीज मनाउन एक लाख ९५ हजार खर्च भएको देखाएको छ। परम्परागत चाडपर्व आफ्नै घर आंगनमा मनाउनुपर्नेमा नगरपालिकाले होटेलमा तीज कार्यक्रम गरेर झण्डै २ लाख खर्च गर्नुलाई सरासर गलत भनेको छ।

महालेखाले नगर बाहिरका पत्रकार समेतलाई ५ लाख वजेटमा क्षमता विकास तालिम दिएकोमा समेत प्रश्न उठाउंदै नगर भित्रका पत्रकारलाई मात्र दिनुपर्ने सुझाव दिएको छ।

महालेखाले संस्थागत विद्यालयको अनुगमन नभएको, ४८ लाख रुपैया बढी छात्रवृत्ति अनुदान निकासा नियमसम्मत नदेखिएको, विद्यालयलाई प्रति विद्यार्थी अनुदान, पशुपति मावि र शान्ति नमूना माविलाई २ लाखका दरले दिइएको ४ लाख प्रोत्साहन अनुदान वितरण अनियमित भएको औंल्याएको छ। यस्तै शिक्षक विद्यार्थी अनुपात अनुदानमा पनि ५ लाख ६७ हजार अनियमित भएको महालेखाले औंल्याएको छ। समयमा निशुल्क वितरण हुने पाठ्यपुस्तक उपलब्ध नगराएको, डिस्पोजल मेसिन खरिदमा ९ लाख २६ हजार ३२० रुपैयांको प्रमाण पेश नभएको महालेखाले औंल्याएको छ। तिलोत्तमा सहित रुपन्देहीका पालिकामा मात्रै आर्थिक वर्ष २०८०/८१ मा ७० करोडको बेरुजु देखिएको छ। नियम र परिधिभित्र बसेर खर्च गर्न नसक्दा बेरुजु देखिएको हो। तिलोत्तमाको वजेट खर्च गर्ने अधिकारीहरुमा प्रमुख प्रशासकीय अधिकृत नारायण अर्याल र लेखा प्रमुखमा रमेश लम्साल छन्।

# देवदहले ल्यायो १ अर्ब ६३ करोडको बजेट



देवदह। देवदह नगरपालिकाले आगामी आर्थिक वर्ष २०८२/८३ का लागि १ अर्ब ६३ करोड ८८ लाख रुपैयाँको बजेट सार्वजनिक गरेको छ। नगरपालिकाको १६औँ नगर सभामा नगर उपप्रमुख विद्यालक्ष्मी गुरुङले अनुमानित कुल आय १ अर्ब ६३ करोड ८८ लाख हुने उल्लेख गरेकी छन्। यसमध्ये आन्तरिक राजस्वबाट २१ करोड ८६ लाख ४६ हजार उठाउने लक्ष्य राखिएको छ।

वजेटमा शिक्षा, पूर्वाधार, स्वास्थ्य, भूमि व्यवस्थापन, वातावरण संरक्षण र सुशासनमा विशेष जोड दिइएको उल्लेख छ। बजेट वक्तव्यमा गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवा,भूमिहीन व्यवस्थापन तथा आवास सुरक्षा, दिगो र गुणस्तरीय पूर्वाधार निर्माण, व्यावसायिक कृषि तथा पशुपालन, रोजगारी सिर्जना तथा पर्यटन प्रवर्द्धन, लक्षित वर्गको सशक्तीकरण, वातावरण संरक्षण र विपद् व्यवस्थापन, संस्थागत सशक्तीकरण र उत्तरदायित्वयुक्त सेवा प्रवाहलाई प्राथमिकता दिइएको छ। ।

संघीय सरकारबाट अनुदान, पूँजीगत सशर्त अनुदान र सामाजिक सुरक्षालगायत शीर्षकमा रु. ८५ करोडभन्दा बढी प्राप्त हुने अनुमान छ। यसबाहेक लुम्बिनी प्रदेश सरकार, सडक बोर्ड र शहरी उत्थान कार्यक्रम अन्तर्गत ऋण तथा साझेदारीबाट समेत बजेट व्यवस्थापन गरिएको छ।

वजेट वक्तव्यमा सबैभन्दा बढी बजेट शिक्षा क्षेत्रमा २६ करोड ९ लाख छुट्याइएको छ। यो रकम विद्यालयमा दरबन्दी पूर्ति, छात्रवृत्ति, परीक्षा प्रणाली सुधार, विद्यालय ग्रीन स्पेस, विज्ञान शिक्षाका लागि पूर्वाधार निर्माण, निःशुल्क सेनेटरी प्याड, प्रतियोगितात्मक क्रियाकलापजस्ता कार्यक्रममा खर्च गरिनेछ।

स्वास्थ्यमा ४ करोड ५७ लाख बजेट छुट्याइएको छ। स्वास्थ्य क्षेत्रमा आधारभूत र आकस्मिक सेवा, औषधोपचार सामग्री खरिद, स्वास्थ्य बीमा अभियान र नागरिकको सहज पहुँचमा केन्द्रित कार्यक्रम संचालन गरिने उल्लेख छ।

पूर्वाधार निर्माण तथा मर्मतको लागि ६३ करोड ६० लाख विनियोजन गरिएको छ। यसमध्ये शहरी उत्थान कार्यक्रम अन्तर्गत ५२ करोड ३९ लाखको लगानी नगर-संघीय साझेदारीमा हुनेछ। अस्पताल, सडक, खानेपानी, विद्युत, विद्यालय संरचना र सिँचाइ पूर्वाधारमा समेत बजेट केन्द्रित गरिएको छ।

सुकुम्बासी, अव्यवस्थित बसोबासी र भूमिहीनलाई जग्गा प्रमाणपत्र दिने, व्यवस्थित बसोबास सुनिश्चित गर्ने कार्यमा २ करोड छुट्याइएको छ। कृषि उत्पादन, बजार व्यवस्थापन, कृषि उपकरण, बिजुली सुविधा तथा कृषक सशक्तीकरणका लागि कुल रु. ४५ लाख ३५ हजार छुट्याइएको छ। पशुपालन क्षेत्रमा रोग नियन्त्रण, औषधोपचार, बाँझोपन न्यूनीकरण, वंगुर पकेट विकासलगायतका कार्यक्रम सञ्चालन गरिनेछ।

महिला, दलित, आदिवासी, मधेसी, मुस्लिम, अपांग, द्वन्द्वपीडित तथा पिछडिएको वर्गको सशक्तीकरणका लागि उपप्रमुखसँग महिला कार्यक्रम लगायत रु. ५३ लाख बजेट विनियोजन गरिएको छ।

हरित नगर निर्माण, वृक्षरोपण, फोहोर व्यवस्थापन, जलवायु सजगता तथा प्राकृतिक विपद् व्यवस्थापनका लागि रु. ६२ लाख ५० हजार छुट्याइएको छ।

नगर प्रशासन, सेवा प्रवाह, उत्तरदायित्व विकास, सूचना व्यवस्थापन र आन्तरिक राजस्व प्रणाली सुधारका लागि रु. १७ करोड १६ लाख विनियोजन गरिएको छ।

देवदह नगरका १२ वटै वडामा रु. १-१ करोडका दरलेकुल रु. १२ करोड वडागत कार्यक्रमका लागि छुट्याइएको छ।


कपिलवस्तु नगरपालिकाको अनुरोध

- जन्म, मृत्यु, बसाईसराई, विवाह दर्ता, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटना दर्ता समयमै गरौं
- वन, वातावरण, वन्यजन्तु र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं
- सबै बालबालिकालाई समयमै विद्यालय भर्ना गरी पहुँच सुनिश्चित गरौं
- मधुमेह, उच्च रक्तचाप र दमजस्ता स्वास्थ्य समस्याको नियमित चेकजाँच गरौं
- पानी उमालेर मात्र पिउने गरौं
- आफ्नो नगर एवम् शहर बजार वरपरको वातावरण सफा राखौं
- सबैखालका विभेदको अन्त्य गरौं
- नगरपालिकाको कार्यालयमा गई आफ्नो पसल, व्यवसाय दर्ता गरौं
- स्वास्थ्यमा कुनै समस्या देखिए तुरुन्तै नजिकैको स्वास्थ्य संस्थामा जाँच गराउन जाऔं
- खुल्ला स्थानमा दिसापिसाव नगरौं, चर्पीमा मात्र दिसापिसाव गरौं

अनुरोधक :

कपिलवस्तु नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कपिलवस्तु, लुम्बिनी प्रदेश, नेपाल

# सम्पादकीय

## छानविन समितिलाई सघाऔँ

सरकारले अध्यागमन र भिजिट भिसा प्रकरण सम्बन्धमा पूर्वमुख्यसचिव शंकरदास वैरागीको अध्यक्षतामा उच्चस्तरीय अध्ययन तथा छानबिन समिति गठन गरेको छ। मंगलबार बसेको प्रतिनिधिसभाको बैठकमा गृहमन्त्री रमेश लेखकले उच्चस्तरीय छानबिन समिति गठन गरेको जानकारी दिएका छन्। भिजिट भिसा र अध्यागमनको छानबिन गर्न प्रमुख प्रतिपक्ष माओवादी लगायत विपक्षी दलले विरोध गरेपछि सरकारले छानबिन समिति गठन गरेको छ।

भिजिट भिसा प्रकरण गंभीर रहेको र यो प्रकरणमा गृहमन्त्री रमेश लेखकले राजिनामा दिनुपर्ने माग गर्दै विपक्षीले माग गर्दै आएका थिए। प्रमुख प्रतिपक्ष माओवादीले राजिनामाको मागबाट पछि हटेर छानबिन समिति गठन गर्न राजी भएको थियो। राष्ट्रिय स्वतन्त्र पार्टी लगायतका विपक्षी अझै राजिनामाको मागबाट पछि हटेका छैनन्। लामो समयसम्म संसदलाई बन्धक राख्न हुँदैन् भन्ने बुझाईले प्रमुख प्रतिपक्ष दल माओवादी सरकारसँग छानविन समिति गठन गर्न सहमत भई सदनको अवरोध खोल्न राजी भएको थियो। भिजिटभिसा प्रकरणमा अहिलेको सरकारमात्रै दोषी नभएको र विगतदेखि नै अध्यागमनमा कमजोरी हुँदै आएकाले आवश्यक सुधारका लागि पहल लिनुपर्ने भन्दै संसद अवरोध खुलाउने माओवादी पहलकदमी सकारात्मक छ। तर रास्वपा र राप्रपा लगायत विपक्षी निरन्तर गृहमन्त्रीको राजिनामा माग गर्दै विरोध गर्दै आएका छन्। गृहमन्त्रीको राजिनामामै अड्केर सदन निरन्तर अवरोध गर्नु भनेको संसदीय अभ्यासमा अपरिपक्कता हो। सरकारले संस्थागत सुधार गर्न समिति नै गठन गरेपछि बरु समितिलाई राम्रो काम गर्न र छानबिन समितिले दिएको सुझावका आधारमा संस्थागत सुधारमा लाग्न खबरदारी गर्न रास्वपा चुकेको छ।

संसदमा सरकारले गरेका कमजोरीप्रति विपक्षीले खबरदारी गर्नु स्वाभाविक हो। विपक्षीले खबरदारी नगर्ने हो भने सरकारका काम स्वच्छाचारी हुन्छन्। सरकारलाई जिम्मेवार र जवाफदेही बनाउने काम जिम्मेवार प्रतिपक्षबाट मात्रै संभव छ। निरन्तर सदन अवरोध जिम्मेवार प्रतिपक्षको काम होइन्। बजेट पारित गर्नुपर्ने, संघीयता कार्यान्वयनसँग सम्बन्धित कानुन सदनबाट पारित गर्नुपर्ने चटारोलाई प्रतिपक्ष दलले पनि ख्याल गर्नुपर्छ।

बरु सरकारलाई छिटो विधेयक सदनमा ल्याउन दवाव दिदा नै प्रतिपक्षको साख बढ्छ। संघीय शासन प्रणालीलाई संस्थागत गर्न बन्नुपर्ने धेरै कानुन अझै नबनेकाले छिटो बनाउन दवाव दिदा विपक्षीको रचनात्मक भूमिका स्थापित हुन्छ। अहिले निरन्तरको अवरोधले उनीहरुलाई कमजोर बनाउँछ नै, संसदीय व्यवस्थाप्रति नै नागरिकको वितृष्ण बढ्ने जोखिम बढेको छ।

# इरान–इजरायल युद्धको छायाँमा नेपाली भविष्य



काजी कार्की

अब पनि नेपालले आफ्ना नागरिकको सुरक्षालाई प्राथमिकतामा राखेर दूतावासहरूलाई सक्रिय तुल्याएन भने, परराष्ट्र कूटनीतिमा चाँडो हस्तक्षेप गरेन भने, अनि भोलि जब स्थिति थप जटिल हुन्छ, तब 'संकटको बेला बोलाउने' आवाजले अर्थ गुमाउनेछ।

मध्यपूर्व फेरी एकपटक अस्थिरताको चुलीमा पुगेको छ। इजरायल र इरानबीचको बढ्दो युद्धले केवल दुवै राष्ट्रमा मात्र होइन, क्षेत्रीय र विश्वव्यापी प्रभाव विस्तार गरिरहेको छ। तर, यो युद्धको छायाँमा छन् लाखौं निर्दोष नागरिकहरू- र, तिनैमध्ये एक समूह हुन् नेपाली आप्रवासी श्रमिकहरू।

पछिल्ला केही महिनादेखि इजरायलले हमास, हिजबुल्लाह, हुथी र सिरियास्थित इरानी सैन्य संरचनामाथि बारम्बार आक्रमण गर्दै आएको छ। अप्रिलको सुरुमै दमास्कसस्थित इरानी कन्सुलेटमाथि भएको आक्रमणपछि इरानले खुला रूपमा इजरायलमाथि मिसाइल र ड्रोन प्रहार गर्न थालेको छ। यसले युद्ध अब सीमित नभई खुला मोर्चामा परिणत भएको स्पष्ट संकेत दिएको छ।

**विश्वव्यापी असर र नेपाल**

यो द्वन्द्वको प्रत्यक्ष र परोक्ष असर विश्वका धैरै मुलुकमा परिरहेको छ। नेपाल त्यसमध्ये एक हो, जहाँ यो युद्धले वैदेशिक रोजगार, नागरिक सुरक्षा, आर्थिक महँगी र कूटनीतिक तयारीजस्ता विषयमा गम्भीर प्रभाव पारिरहेको छ।

**१. ज्यान गुमाएका र हराइरहेका नेपालीहरू**

२०२३ अक्टोबरमा हमासले इजरायलमाथि हमला गर्दा १० जना नेपाली विद्यार्थीको ज्यान गयो। विपिन जोशी नामका एक नेपाली हालसम्म बेपत्ता छन्। हमासद्वारा बन्धक बनाइएका अन्य विदेशीहरू फिर्ता हुँदा पनि नेपालले आफ्ना नागरिक फर्काउन सकेन।

**२. सुस्त सरकारी प्रतिक्रिया**

युद्ध सुरु हुनुअगाडि भारत, अस्ट्रेलिया, फ्रान्सजस्ता देशहरूले आफ्ना नागरिक फिर्ता गरिसकेका थिए। तर, नेपाल सरकारले भने ढिलो गरी 'अनलाइन फर्म' भर्ने सूचना जारी गऱ्यो। इजरायलमा कति नेपाली छन् भन्नेमा समेत सरकारले यकिन तथ्याङ्क सार्वजनिक गर्न सकेको छैन।

**३. आर्थिक प्रभाव : तेल आपूर्ति र महँगी**

यमनका हुथी विद्रोहीहरूले रेड सीमा आक्रमण गर्दै गर्दा तेल ढुवानीमा अवरोध सिर्जना भएको छ। नेपालको मुख्य आपूर्तिकर्ता भारत - आफैं ८५ प्रतिशत तेल विदेशबाट आयात गर्छ। भारतमा तेल महँगो भए, त्यसको असर नेपालमा सिधै पर्ने निश्चित छ। ढुवानी खर्च ३०-४० प्रतिशतसम्म बढ्ने आँकलन छ।

**४. वैदेशिक रोजगार सङकटमा**

कतार, युएई, साउदी अरब, ओमान, बहराइन र कुवेतमा करिब ३० लाख नेपाली कामदार छन्।

यी सबै देशमा अमेरिकी सैनिक क्याम्प छन्। इरानले यदि ती क्याम्पमा आक्रमण गऱ्यो भने युद्धको मोर्चा अझै फैलन सक्छ। यस्तो अवस्थामा नेपालीहरू पुनः संकटमा पर्न सक्छन्।

**विदेशिने बाध्यता र जोखिम**

युद्ध चर्किँदा पनि नेपाली युवाहरू 'केयरगिभर'का रूपमा इजरायल जान आतुर देखिन्छन्। इजरायलस्थित विमानस्थल बन्द हुँदा पनि नेपाली ३५ जना युवाहरूलाई जान नदिएर फर्काइएको छ।

यसले देखाउँछ- देशभित्रको बेरोजगारी, अवसरको अभाव र भविष्यप्रतिको अनिश्चितताले युवालाई जस्तोसुकै जोखिम मोलेर पनि विदेश जान बाध्य बनाइरहेको छ।

**इतिहासको छायाँमा वर्तमान युद्ध**

इरान र इजरायलको सम्बन्ध सन् १९७९ को इस्लामिक क्रान्तिसम्म सामान्य थियो। तर, क्रान्तिपछि इरानमा सत्तामा आएको धार्मिक शासनले इजरायललाई 'नक्साबाट मेटिनु पर्ने' राष्ट्रको रूपमा चित्रण गर्न थाल्यो। उता इजरायलले इरानलाई आफ्नो अस्तित्वकै लागि खतरा मान्दै आएको छ। इरानले हमास, हुथी, हिजबुल्लाह जस्ता सशस्त्र समूहलाई समर्थन गर्दै आएकै कारण इजरायलसँगको दुश्मनी अझ चर्किएको हो।

अप्रिल १ मा दमास्कसस्थित इरानी कन्सुलेटमाथि आक्रमण भई इरानी कुर्दस् फोर्सका शीर्ष कमान्डर मारिएपछि इरानले सोझै इजरायलमाथि प्रतिआक्रमण गऱ्यो। त्यसपछि दुबै देश पूर्ण युद्धको अवस्थामा छन्।

**निष्कर्ष : युद्ध टाढा छैन– छायाँमा हामी पनि छौं**

नेपाल युद्धको मैदान होइन, तर युद्धको छायाँमुनि अवश्य परेको देश हो। वैदेशिक रोजगार, आप्रवासी सुरक्षाको सवाल, आर्थिक स्थायित्व र अन्तर्राष्ट्रिय सम्बन्धमा यस युद्धको प्रभाव गहिरो हुँदै जानेछ।

अब पनि नेपालले आफ्ना नागरिकको सुरक्षालाई प्राथमिकतामा राखेर दूतावासहरूलाई सक्रिय तुल्याएन भने, परराष्ट्र कूटनीतिमा चाँडो हस्तक्षेप गरेन भने, अनि भोलि जब स्थिति थप जटिल हुन्छ, तब 'संकटको बेला बोलाउने' आवाजले अर्थ गुमाउनेछ।

घटना र विचारबाट

# महिलालाई बढी हुने थाइरोइड क्यान्सरको रोकथाम कसरी गर्ने ?



प्रा.डा. वाइपी सिंह




थाइरोइडको क्यान्सर एक महत्वपूर्ण तथा निको हुने क्यान्सर हो। जुनसुकै उमेरमा यो क्यान्सर भए पनि पुरुषको तुलनामा महिलामा बढी देखिन्छ।

थाइरोइड ग्रन्थी घाँटी अगाडिको भागमा लगभग २० ग्रामको दुई वटा भाग भएको ग्रन्थी अवस्थित हुन्छ। दुई वटा भागलाई इस्थमसले जोडेको हुन्छ। थाइरोइड ग्रन्थी विभिन्न कोषहरुले बनेको हुन्छ। कोषहरु अनियन्त्रित तरिकाले बढदै गयो भने क्यान्सर हुनसक्छ।

अन्य क्यान्सरको तुलनामा थाइरोइडको क्यान्सर पूर्ण निको हुने क्यान्सरमा पर्छ। यो क्यान्सर जुनसुकै उमेरमा हुने भए पनि हामीकहाँ २० देखि ५० वर्षमा बढी देखिन्छ।

**लक्षणहरु**

सुरुको अवस्थामा यस क्यान्सरको कुनै पनि लक्षण देखा पर्दैन। जब क्यान्सर बढी हुँदै जान्छ तब लक्षण देखिन्छ।

-घाँटीमा असहज हुनु वा दुख्नु,
-गलगाँड हुनु अथवा एकातिर मात्रै गाँठो हुनु।
-निल्न गाह्रो हुनु,
-आवाजमा परिवर्तन हुनु,
-खोकी लाग्नु, श्वास फेर्न कठिन हुनु।

**कारणहरु**

-आयोडिन कमी एउटा प्रमुख कारण मानिन्छ। खासगरी धैरै गलगाँड हुने ठाँउमा क्यान्सर बढी हुन्छ।

-विकिरणको कारणले गर्दा पनि थाइरोइडको क्यान्सर हुनसक्छ।

-केही क्यान्सर वंशाणुगत पनि हुनसक्छ।

**निदान**

**-रगतको परीक्षणः**

क्यान्सरले गर्दा थाइरोइड ग्रन्थीबाट निस्कने टीथ्री, टीफो, टीएसएच सामान्य, कम अथवा बढी छ भन्ने पत्ता लगाइन्छ।

-घाँटीको भिडियो एक्सरेः यो परीक्षणबाट खासगरी गाँठो ठोस अथवा पानीको फोका के हो भनेर पत्ता लगाइन्छ। घाँटीमा लिम्फ ग्रन्थी सुन्निएको छ भने पनि थाहा हुन्छ। प्रायः शंकास्पद तन्तुबाट भिडियो एक्स-रेमा हेर्दै जाँचको लागि कोष तथा तन्तु झिकिन्छ।

**-रेडियोआइसोटोप स्क्यानः**

हर्मोनको मात्रा बढी भएको खण्डमा रेडियोएक्टिभ तत्व जस्तै- आयोडिन नशाबाट दिएर कति थाइरोइड ग्रन्थीमा गयो भनेर नापिन्छ। यसैको आधारमा थाइरोइडको गाँठोलाई वर्गीकरण गरिन्छ। कोल्ड नोल्डयुलमा क्यान्सर हुने सम्भावना बढी हुन्छ।

-अन्यः क्यान्सर कहाँसम्म फैलिएको छ भनेर विशेष एक्सरेहरु सीटी, एमआरआई तथा पेट स्क्यान पनि गर्नुपर्ने हुनसक्छ। क्यान्सरको उपचारपछि रगतको परीक्षणहरु नियमित गरिन्छ।

**थाइरोइड क्यान्सरका किसिम**

थाइरोइड ग्रन्थीको कुन कोषहरुबाट क्यान्सर सुरु भएको हो भनेर क्यान्सरको किसिम छुट्याइन्छ।

-पैपिलरी क्यान्सर लगभग ८० प्रतिशत क्यान्सर हुन्छ। हुन त यो क्यान्सर लिम्फ ग्रन्थीमा सर्ने भए पनि उपचार गरे निको हुने क्यान्सरमा पर्छ।

-फोलिकुलर क्यान्सर लगभग १५ प्रतिशतमा हुन्छ। सुरुको अवस्थामा पत्ता लगाउन सके निको पार्न सकिन्छ। यस्तो क्यान्सर रगतको माध्यमबाट सर्ने भएकोले अन्य अंगमा सरिसकेपछि निको पार्न कठिन हुन्छ।

पैपिलरी, फोलिकुलर र हरथल सेल क्यान्सरलाई क्यान्स कोषहरु छुट्टिनेमा पर्छ। यी क्यान्सरहरु निको हुने सम्भावना धेरै रहन्छ।

-एनाप्लास्टिक क्यान्सर लगभग दुई प्रतिशतमा देखिए पनि निको हुने सम्भावना एकदमै कम हुन्छ। कोषहरु नछुट्टिने भएको हुनाले यस क्यान्सरलाई एनाप्लास्टिक अथवा अनडिफरेन्सिएटेड क्यान्सर भनिन्छ।

**क्यान्सरका अवस्थाहरु**

-क्यान्सरका उपचार पछि निको हुने सम्भावना रोगको अवस्थामा भर पर्छ। अन्य क्यान्सरमा जस्तै थाइरोइडको क्यान्सरको अवस्था ट्युमरको नाप, ग्रन्थीमा सरेको तथा अन्य अंगमा सरको अवस्थामा भर पर्छ। हुन त क्यान्सरको किसिम तथा बिरामीको उमेर पनि यसका लागि महत्वपूर्ण मानिन्छ।

पहिलो स्टेजः ट्युमर दुई सेन्टीभन्दा सानो र लिम्फ ग्रन्थीमा नसरेको।

दोस्रो स्टेजः ट्युमर ४ सेन्टीको तर लिम्फ ग्रन्थीमा नसरेको।

तेस्रो स्टेजः ट्युमर ठूलो र लिम्फ ग्रन्थीमा सरेको।

चौथो स्टेजः क्यान्सर अन्य अंगमा सरेको।

**उपचार**

थाइरोइड क्यान्सरको उपचार विधि क्यान्सरको किसिम, अवस्था र बिरामीको उमेरमा भर पर्छ। यस क्यान्सरको लागि निम्न उपचार विधिहरु प्रचलनमा छः

**शल्यक्रियाः**

यस क्यान्सरमा शल्यक्रियालाई प्रमुख उपचार विधिका रुपमा लिइन्छ। यस क्रममा क्यान्सर भएको भागलाई आवश्यकता अनुसार निकाल्ने गरिन्छ। जसमा सम्पूर्ण निकाल्ने र लिम्फ ग्रन्थीमा सरेको छ भने घाँटीका ग्रन्थीहरु निकाल्ने गरिन्छ। धैरै बिरामीहरुलाई शल्यक्रियाविना नै निको हुन्छ। यद्यपि, हर्मोन उत्पादन नगर्ने ग्रन्थी नहुने भएकोले हर्मोन भने दिइराख्नुपर्ने हुन्छ।

**रेडियोथेरापी वा रेडियोएक्टिभ थेरापीः**

उपचार यस विधिले बाँकी रहेका क्यान्सर कोषहरुलाई नष्ट गरिदिन्छ।

**केमोथेरापीः**

प्रायः एनाप्लास्टिक क्यान्सरमा ट्युमर निकाल्न नसके पनि बिरामीको समस्याहरु कम गर्न रेडियोथेरापी र केमोथेरापी दिने गरिन्छ।

**रोकथाम**

अन्य क्यान्सहरुलाई जस्तै थाइरोइड क्यान्सरलाई पनि रोकथाम गर्न सकिन्छ।

यसको प्रमुख कारक तत्वहरु जस्तैः विकिरण प्रदूषणबाट बच्ने तथा एकदमै न्यून गर्नुपर्छ। आयोडिनको कमी हुन दिनु हुँदैन।

थाइरोइड क्यान्सर हुने जोखिम समूहका मानिसहरुले नियमित रुपमा परीक्षण गराएर सुरुमा नै यसको उपचार गर्नु रोकथाम हो।

स्वास्थ्य खबरबाट

# सेयर बजार 'स्थिर', कारोबार रकम निरन्तर घट्दै

काठमाडौँ। साताको तेस्रो कारोबार दिन मंगलबार नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचकमा स्थिर देखिएको छ। आज नेप्से परिसूचक ०.२२ अङ्कको झिनो गिरावटसहित २६००.५३ को विन्दुमा पुगेर बन्द भएको हो।

आज बजारमा बिक्रीको चाप बढी देखिएको छ। दिनभरको कारोबारमा कुल २४९ कम्पनीका ३१६ स्क्रिपको सेयर किनबेच भएको छ। त्यसमध्ये १०७ कम्पनीको मूल्य बढेको छ भने १४२ कम्पनीको मूल्यमा गिरावट आएको छ।

मंगलबार बजारमा कुल ५ अर्ब ७६ करोड ७८ लाख ९५ हजार रुपैयाँ बराबरको कारोबार भएको छ। दिनभरमा कुल १ करोड ३८ लाख कित्ता सेयर किनबेच भएको नेप्सेले जनाएको छ।

कारोबार रकम भने अघिल्लो साता उत्साहजनक रहेको कारोबार रकम घट्दै अहिले ५ अर्बको रेञ्जमा झरेको हो। बिहीबार उक्त रकम १० अर्ब माथि थियो। आइतबार ८ अर्ब ९४ करोड, सोमबार ६ अर्ब ३२ करोड कारोबार भएको बजारमा आज उक्त रकममा थप गिरावट आएको हो।

बजारमा आज पाँच वटा समूहका सूचक बढ्दा हरू सूचक घटेको छ। बढेका र घटेका सबै सूचकमा झिनो घटबढ छ। कारोबार रकमका आधारमा आज बुटवल पावर कम्पनी शीर्ष स्थानमा रह्यो।

कम्पनीको २७ करोड ६५ लाख रुपैयाँभन्दा बढीको कारोबार भयो। आज सबैभन्दा धेरै कमाउनेमा ओम गेगाश्री फर्मास्युटिकल्स रहेको छ। उक्त कम्पनीको मूल्य ८.१ प्रतिशतले बढ्दा हिमालयन पावर पार्टनरको सेयर मूल्यमा ७.८७ प्रतिशतले बढेको देखिन्छ।

# पाणिनी गाउँपालिकाको ७२ करोड बढीको बजेट सार्वजनिक




**अविजित पन्थी**

*अर्घाखाँची ।*

पाणिनी गाउँपालिकाले आर्थिक वर्ष २०८२/८३ का लागि ७२ करोड २० लाख ७४ हजार ५०० रुपैयाँको बजेट सार्वजनिक गरेको छ। बजेट वक्तव्य उपाध्यक्ष नर्मदा गौतम पौडेलले गाउँसभामा प्रस्तुत गर्नुभएको हो। 'पाणिनी र दुर्वाशा ऋषिको पहिचान, समृद्ध पाणिनी निर्माण हाम्रो अभियान' भन्ने नारासहित सार्वजनिक बजेटले शिक्षा, स्वास्थ्य, कृषि, पूर्वाधार, धार्मिक पर्यटन, रोजगारी, सामाजिक न्याय र डिजिटल सेवा प्रवाहलाई विशेष प्राथमिकता दिएको छ।

शिक्षा क्षेत्रमा १ करोड ६० लाख रुपैयाँभन्दा बढी विनियोजन गरिएको छ। जसमा डिजिटल बोर्डसहित स्मार्ट कक्षा, शिक्षक र विद्यार्थी पुरस्कार, छात्रवृत्ति, पोषिलो खाजा, बालमैत्री कक्षा निर्माण, स्थानीय पाठ्यक्रम विकास, 'एक विद्यालय, एक कम्प्युटर प्रशिक्षक' कार्यक्रम सञ्चालन गरिने उल्लेख छ।

स्वास्थ्य क्षेत्रमा १५ शैयाको अस्पताल निर्माण अन्तिम चरणमा पुगेको जानकारी दिँदै सुरक्षित मातृत्व, पोषण, किशोरी मैत्री सेवा, आयुर्वेद सेवा, अपांगता उपचार सहायता, निःशुल्क औषधि वितरण, योग तथा ध्यान सेवा लगायतका कार्यक्रम राखिएको छ।

कृषि र पशुपालन क्षेत्रका लागि १ करोड ५८ लाख रुपैयाँ विनियोजन गरिएको छ। मौरीपालन, आलु खेती, बाख्रापालन, पशु खोप, कृत्रिम गर्भाधान, डोअर-टु-डोअर कार्यक्रम, 'एक गाउँ, एक कृषि/पशु सेवा प्रविधिक', 'एक पालिका, एक भेटनरी डाक्टर' जस्ता कार्यक्रम समेटिएका छन्। वातावरण संरक्षणका लागि १ लाख बिरुवा रोप्ने योजना राखेको पालिकाले त्यसको लागि आवश्यक बजेट विनियोजन गरेको छ।

पूर्वाधारतर्फ केन्द्र, प्रदेश र गाउँपालिकाको साझेदारीमा तीनवटा मुख्य सडक योजनामा बजेट विनियोजन गरिएको छ। संघीय समपूरकतर्फ भन्ज्याङ धातिबाङ डाँडाकटेरी सडक नेपाल सरकारबाट रु २ करोड १६ लाख र गाउँपालिकाबाट थप १ करोड ३० लाख विनियोजन भएको छ। त्यस्तै देउराली पातले दर्नेटा दारेगैरा मोटरबाटो निर्माण स्तर उन्नतितर्फ नेपाल सरकारबाट रु.८७ लाख र गाउँपालिकाबाट थप ३८ लाख रुपैयाँ र सुन्दरढुङ्गा- उपल्लाखर्क- पोखराथोक हटिया मालिका गुफा डेरी चोक सडकका लागि ७५ लाख प्रदेश सरकारबाट र गाउँपालिकाबाट थप ५० लाख विनियोजन भएको छ। अन्य मोटरबाटा, भवन मर्मत, पुल निर्माण र खानेपानी योजनामा पनि अलग्गै रकम विनियोजन गरिएको छ।

पाणिनी तपोभूमि विकासका लागि नेपाल सरकारबाट ४ करोड ५० लाख र लुम्बिनी प्रदेश सरकारबाट ४५ लाख रकम विनियोजन गरिएको छ। सिस्ने खोलामा पर्यटकीय पुल निर्माणका लागि मात्रै ३ करोड रुपैयाँ छुट्याइएको छ। पाणिनी सम्मेलन-२०८१ बाट प्रेरणा लिई उक्त क्षेत्रलाई राष्ट्रिय धार्मिक, ऐतिहासिक र सांस्कृतिक गन्तव्यको रूपमा विकास गर्ने स्पष्ट योजना बजेटले प्रस्तुत गरेको छायस बजेटले धार्मिक र सांस्कृतिक पर्यटनको विकासमार्फत आर्थिक गतिशीलता बढाउने लक्ष्य लिएको छ।

रोजगारी सिर्जनाको उद्देश्यसहित ८२ जना बेरोजगार युवालाई न्यूनतम १०० दिनको काम उपलब्ध गराउने योजना प्रस्तुत गरिएको छ। यसका लागि ५५ लाख ४४ हजार रुपैयाँ छुट्याइएको छ। लघु उद्यम विकास कार्यक्रम, सीपमूलक तालिम, होटल तथा आतिथ्य तालिम, मनोसामाजिक परामर्श सेवा र स्वरोजगार प्रोत्साहन कार्यक्रमहरू सञ्चालन गरिनेछ।

सामाजिक सुरक्षाका लागि कुल १५ करोड ५७ लाख २८ हजार २५६ रुपैयाँ विनियोजन गरिएको छ, जसमा वृद्ध, एकल महिला, अपांगता, दलित, बालबालिका, विपन्न वर्ग लगायतलाई लक्षित भत्ता र सेवा समावेश छन्। सूचना प्रविधि विस्तारतर्फ कार्यालय व्यवस्थापन, एप्स, सफ्टवेयर, इन्टरनेट विस्तार, डाटा प्रणाली व्यवस्थापन तथा डिजिटल सेवा सुधारका लागि बजेट छुट्याइएको छ।

त्यस्तै, दैवी प्रकोप व्यवस्थापन कोषमा ५० लाख, मर्मत कोषमा २० लाख र कर्मचारी कल्याणकारी कोषमा १० लाख विनियोजन गरिएको छ। गाउँसभा तथा वडास्तरीय योजना कार्यान्वयनका लागि क्रमशः २ करोड ७० लाख र ३ करोड २० लाख छुट्याइएको छ।

बजेट प्रस्तुत गर्दै उपाध्यक्ष नर्मदा गौतम पौडेलले स्थानीय जनताको भावना, स्रोतको सीमा र दीर्घकालीन समृद्धिको मार्गचित्रका रूपमा बजेट तयार पारिएको बताउनुभयो। सेवा प्रवाह, धार्मिक पर्यटन, शिक्षा र उत्पादनमुखी कार्यक्रममार्फत पाणिनी गाउँपालिकालाई आत्मनिर्भर बनाउने संकल्प बजेटमा प्रस्ट गरिएको उहाँको भनाइ थियो।

गाउँपालिका अध्यक्ष टेकराज न्यौपानेले बजेटले पाणिनीको भूगोलभित्र रहेका सबै वर्ग र क्षेत्रको आवश्यकता समेटेको र यो बजेट स्थानीय सरकारको उत्तरदायित्वलाई बलियो बनाउने दस्तावेज भएको प्रष्ट पार्नुभयो।

प्रमुख प्रशासकीय अधिकृत रोमनाथ न्यौपानेले बजेटको प्रभावकारी कार्यान्वयन, समन्वय, अनुगमन र पारदर्शिता कायम गर्दै सेवा प्रवाहलाई जनमुखी बनाउने दिशामा गाउँपालिकाले जिम्मेवारीपूर्वक अघि बढ्ने बताउनुभयो।

गाउँपालिकाको बजेट नीतिगत रूपमा पारदर्शिता, जवाफदेहिता, सेवा सुधार, विकासको सन्तुलन र समावेशी शासनको अभ्यासमा आधारित रहेको देखिन्छ।

# के छ कावासोती नगरपालिकाको निती तथा कार्यक्रममा

**रामकुमार श्रेष्ठ**

*कावासोती ।*

नवलपुरको कावासोती नगरपालिकाले कावासोती नगरपालिकालाई 'कृषि, शिक्षा, स्वास्थ्य, पर्यटकीय शहरः पूर्वाधारयुक्त औद्योगिक समुन्नत कावासोती नगर बनाइने नीति तथा कार्यक्रम अगाडि सारेको छ।

कावासोती नगरपालिकाका नगर प्रमुख विष्णुप्रसाद भुसालले कावासोती नगरपालिकाको नगर सभाको १७ औं नगर अधिवेशनमा मंगलबार यस्तो निती तथा कार्यक्रम अगाडि सारेका हुन् ।नगरप्रमुख विष्णु भुसालद्वारा सार्वजनिक नीति तथा कार्यक्रममा नगर यातायात गुरुयोजना कार्यान्वयनमा ल्याएको उल्लेख गरिएको छ। त्यसका लागि प्राथमिकीकरण गरिएको सडकहरुको विस्तार एवम् स्तरोन्नति गर्ने कार्यलाई निरन्तरता दिइएको उल्लेख गरिएको छ। कावासोती नगरपालिकाले करिब ५ बर्ष अगाडि नगर चक्रपथ निर्माण गर्ने महत्वकांक्षी योजना अगाडि सारेको भए पनि अझै पुरा गर्न सकेको छैन।

त्यसैगरी सबै खाले घर टहरा, सरकारी कार्यालय भवन निर्माण गर्दा अनिवार्य नक्सा पास गर्नु पर्ने नीति लिएको छ। त्यसैगरी उर्जामैत्री भवन निर्माणलाई प्रोत्साहन गरिने, अब बन्ने कावासोती ६, १३ र १७ नम्बरको वडा कार्यालय भवन उर्जा तथा वातावरण मैत्री निर्माण गरिने उल्लेख गरिएको छ।

त्यस्तै कावासोती नगरपालिका भित्र पर्ने केरुङ्गे खोलाको किनारमा वडा नं. १ देखि १५ सम्मको क्षेत्रफालई तटबन्धन गरी खोलाको किनारमा हरियाली क्षेत्र निर्माण गर्ने, साइकल लेन बनाउने, फुटपाथ सहितको कोरिडोर मार्ग निर्माण गर्ने योजना नगर प्रमुख विष्णु भुसालले अगाडि सारेका छन्।

त्यसैगरी कावासोती नगरपालिकाको फोहोर मैलो व्यवस्थापनलाई संघप्रदेशसँगको सहककार्यमा नयाँ प्रक्रियाबाट अगाडि बढाइन व्यवस्थित भौतिक संरचना निर्माण गरिने उल्लेख छ। नगर सभाको अधिवेशनमा प्रस्तुत नीति तथा कार्यक्रममा फोहोरलाई पुन प्रयोग र प्रशोधन गर्न स्रोतमै वर्गीकरण गर्ने व्यवस्था मिलाइने उल्लेख गरिएको छ।

त्यसैगरी कावासोती ४ बाट भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लालपूर्जा वितरण शुरु गरेको जानकारी दिंदै नगरप्रमुख भुसालले बाँकी रहेका वडाहरुमा समेत क्रमश लालपूर्जा वितरण गर्दै जाने उल्लेख गरेका छन्।

त्यस्तै मध्यवर्ती क्षेत्रका भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको समस्या समाधानका लागि नेपाल सरकार, मध्यवर्ती तथा निकुञ्ज कार्यालय, प्रकृति संरक्षण कोषसँग सहकार्य गरी उक्त क्षेत्रमा जग्गा नापजाँच प्रक्रिया अगाडि बढाउने उल्लेख गरिएको छ।

नगरप्रमुख भुसालद्वारा प्रस्तुत निति तथा कार्यक्रममा शिक्षा, युवा तथा खेलकुद क्षेत्रमा २६ बुदे नीति तथा कार्यक्रम समावेश गरिए पनि सामुदायिक स्कुलको निशुल्क शिक्षालाई प्राथमिकतामा राख्न सकेको छैन। तथापि कक्षा १० सम्मका विद्यार्थीहरुलाई नेपाली र अंग्रेजी माध्यममका पाठ्यपुस्तक निशुल्क रुपमा उपलब्ध गराउने उल्लेख गरिएको छ।

## अधिकृत बारेशनामा बदर गरिएको बारे।

जिल्ला रुपन्देही साविक बुटवल न.पा वाड नं. १० हाल परिवर्तित बुटवल उपमहानगरपालिका वडा नं. ८ बस्ने म बिनिदत्तको नाति शिवलाल न्यौपानेको छोरा बर्ष ६५ को कृष्ण प्रसाद न्यौपाने (ना.प्र.न ३७२०२४/६१४३१- रुपन्देही ) र जिल्ला नवलपरासी ब.सु.पुर्व , साविक शिवमन्दिर गा.वि.स वडा नं. ३ हाल परिवर्तित कावासोती न.पा वडा नं .२ बस्ने गुनाखर सापकोटाको छोरा-बुहारी भिमलाल सापकोटाको पत्नी बर्ष ५१ को लक्ष्मीदेबि सापकोटा ( ना.प्र.नं. ४८२७७ जिल्ला प्रशासन कार्यालय नवलपरासी ) समेत दुई जनाले हामी दुबै जनाको सयुक्त नाम दर्तामा रहेको जिल्ला नवलपरासी ( ब.सु .पुर्व ) साविक पिठौली गा.वि.स वडा नं. ९ ( हाल परिवर्तित कावासोती न.पा.) को कि.नं. १४३३ को ज.वि. ०-५-१९-२५-० कि.नं.१४३२ को ज.वि. ०-७-०-०, कि.नं. १४३१ को ज.वि.०-७-१२-५ को जग्गा बेचबिखन गरी रजिष्टेशन पारित गर्ने प्रयोजनको लागि जिल्ला काठमाण्डौं, कागेश्वरी मनोहरा नगरपालिका वडा नं. ७ बस्ने अर्जुन कुमारको नाति बलराम चापागाईको छोरा वर्ष ५० को रबिन्द्र चापागाईं (ना.प्र.न.५३६३-८७५३ जिल्ला प्रशासन काठमाण्डौंबाट जारी मिति २०४७/१२/२८) लाई मिति २०८१/१०/०६ मा श्री रुपन्देही जिल्ला अदालतबाट अधिकृत वारेस मुकरर गरेकोमा हाल मेरो स्वास्थ्य अवस्था ठिक भएकोले श्री रुपन्देही जिल्ला अदालतबाट २०८१/१०/०६ मा गरिदिएको अधिकृत बारेसनामा मेरो हकमा यसै सूचनाबाट आजैका मितिदेखि बदर गरिएको जानकारी गराउछु।

# सरकारलाई समर्थन फिर्ता लिने : यादव



बुटवल। जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले केपी ओली नेतृत्वको सरकारलाई समर्थन गरेकोप्रति अहिले पछुताउनुपरेको बताएका छन् ।रफत सञ्चार क्लबमा आयोजित कार्यक्रममा बोल्दै आफूहरूले बाहिर बसेर समर्थन गरेको भएपनि असफल भएको निष्कर्ष निकालेको बताए।

उनले भने, 'पार्टीले संसदीय दललाई हिजै मात्रै समर्थन फिर्ता लिन निर्देशन गरेको छ। समर्थनबारे पुनर्विचार गर्नको लागि, अब सरकार त्यता अघि बढ्छ।'

उनले कांग्रेस-एमालेको सहकार्य नै असफल भइसकेको दाबी गरे। कांग्रेसका नेताहरूले नै गठबन्धन नै असफल भएको भन्दै देशलाई पनि अहित भएको भन्दै जनताको समस्या समाधान गर्न नसक्ने बताए।

यो गठबन्धनको औचित्य नै सकिसकेको भन्दै सम्बन्ध विच्छेदको अवस्थामा पुगिसकेको दाबी गरे।

# वजेट वहुमतले पारित

बुटवल। प्रतिनिधिसभाको बैठकले आर्थिक वर्ष २०८२/८३ को बजेट ध्वनीमतका आधारमा पारित गरेको छ। संसदको चौंथो र पाचौं दल रास्वपा र राप्रपाको बहिष्कारबीच वैठकले विनियोजन विधेयक पारित गरेको हो।

अर्थमन्त्री विष्णुप्रसाद पौडेलले विधेयक पारित गरियोस भनि प्रस्तुत गरेका थिए। उनको प्रस्ताव पारित भयो भने विभिन्न दलका सांसदहरुले बजेट कटौतिका लागि गरेका प्रस्तावहरु अस्वीकृत भए।

अर्थमन्त्री पौडेलले पेश गरेको आर्थिक विधेयक पनि प्रतिनिधिसभाको बहुमतबाट पारित भएको छ। यस्तै, अर्थमन्त्री पौडेलले राष्ट्रऋण उठाउने विधेयक पनि संसदमा प्रस्तुत गरेका छन्।

## विद्युत वितरण केन्द्र कृष्णनगरद्वारा जारी सन्देश !!

१. बिल समयमा तिर्नुहोस जरिवाना लाग्नबाट जोगिनुहोस।
२. अवैध लाइन जडान नगर्नुहोस्, यो कानुनतः अपराध हो।
३.बिजुलीको पोलमुनी वा ट्रान्सफर्मर आसपासमा बच्चाहरूलाई खेल्न नदिनुहोस्।
४. लाइनमा समस्या देखिएमा आफै हात नलगाई तुरुन्त हाम्रो कार्यालयमा सम्पर्क गर्नुहोस्।
५. विद्युत् प्रयोगमा मितव्ययी बनौं, राष्ट्रको ऊर्जा बचत गरौं।
६. मिटर छेडछाड नगर्नुहोस्, नियम उल्लङ्घन गम्भीर अपराध हो।
७. झिलिमिली बत्ती होइन, सचेत उपयोग गरौं - लोड सेडिङ हटाऔं।
८. हावाहुरी वा वर्षातमा पोल ढलेमा तुरुन्त नजिकको विद्युत कार्यालय वा ११८ मा खबर गर्नुहोस्।
९. घर निर्माण गर्दा नजिकैका लाइन र पोलको दूरीको ख्याल राखौं।
१०. विद्युत् सम्बन्धी गुनासो, सुझाव , सेवा वा अनुरोध भयमा हाम्रो हेल्पलाइन सधैं खुला रहनेछ।
- तपाईंको सन्तुष्टि हाम्रो प्राथमिकता

**विद्युत वितरण केन्द्र**
**कृष्णनगर, कपिलवस्तु**

## भन्सार कार्यालय कृष्णनगरद्वारा जारी सन्देश ।।

१.भन्सार कार्यलयलाई गुनासो होइन, विश्वासको केन्द्र बनाऔं।
२.व्यापारिक मर्यादा पालन गरौं, कानुनअनुसार भन्सार प्रक्रिया पुरा गरौं।
३. सुन, लागूऔषध वा प्रतिबन्धित वस्तुको आयात राष्ट्रघाती काम हो, सजग बनौं।
४.अनधिकृत रूपमा ल्याइएका वस्तु मात्र होइन, इज्जत पनि गुम्न सक्छ – सचेत बनौं।
५. सामान आयात गर्दा भन्सार तिर्नु आफ्नो कर्तव्य हो, इमान्दार नागरिक बनौं।
६. भन्सार नतिरी सामान छिराउने कार्यले राष्ट्रलाई घाटा पुऱ्याउँछ, यस्तो प्रवृत्ति त्यागौं।
७. सही बिल, सही मूल्य र सही प्रक्रिया अपनाऔं – कानुनी रूपमा व्यापार गरौं।
८. भन्सार छल्ने होइन, राष्ट्रसँग सहकार्य गर्ने नागरिक बनौं।
९. आफ्नो कर्तव्य पूरा गर्दै भ्रष्टाचारविरुद्ध एक कदम अघि बढाऔं।

**भन्सार कार्यालय**
**कृष्णनगर, कपिलवस्तु**

## निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

दिल बहादुर सिंजालीको नाति, मनवीर सिंजालीको छोरा लुम्बिनी प्रदेश गुल्मी जिल्ला, गुल्मीदरबार गाउँपालिका वडा नं.०४ बस्ने टोप बहादुर सिंजालीले यस शाखामा बचत खाता नं. २०९१५२४०७०४२४८ संचालन गर्दै आउनु भएकोमा मिति २०८१/१०/०८ मा निज खातावाला टोप बहादुर सिंजालीको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउं भनी निज मृतकको श्रीमती नाता पर्ने इन्द्र कला सिंजालीले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ। बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १११ बमोजिम निज मृतक टोप बहादुर सिंजालीको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको गुल्मी शाखामा आउनुहोला। अन्यथा उल्लेखित म्याद भित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराईन्छ। पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ।

**गुल्मी शाखा, नेपाल एसबिआई बैंक लिमिटेड**
फोन नम्बर :- ०७९–५२१०२९
फ्याक्स :- ०७९–५२११९४

## निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

देब नारायण खनालको नाति, डिलाराम खनालको छोरा लुम्बिनी प्रदेश अर्घाखाँची जिल्ला सन्धिखर्क नगरपालिका वडा नं. ०४ बस्ने रुक्मागत खनाल शर्माले यस शाखामा बचत खाता नं. २०९१५२४०३०४९६९ संचालन गर्दै आउनु भएकोमा मिति २०८१/११/१०मा निज खातावाला रुक्मागत खनाल शर्माको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउं भनी निज मृतकको श्रीमती नाता पर्ने पुर्णिमा खनालले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ। बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १११ बमोजिम निज मृतक रुक्मागत खनाल शर्माको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबीगर्न यस बैंकको गुल्मी शाखामा आउनुहोला। अन्यथा उल्लेखित म्याद भित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराईन्छ। पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ।

**गुल्मी शाखा, नेपाल एसबिआई बैंक लिमिटेड**
फोन नम्बर :- ०७९–५२१०२९
फ्याक्स :- ०७९–५२११९४

## निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

पदम सिंह राकाशको नाति, थमन वहादुर राकाशको छोरा लुम्बिनी प्रदेश गुल्मी जिल्ला, गुल्मीदरबार गाउँपालिका वडा नं.०४ बस्ने ज्ञान वहादुर राकाशले यस शाखामा बचत खाता नं. २०९१५२४१४०६४७३ संचालन गर्दै आउनु भएकोमा मिति २०८१/११/१० मा निज खातावाला ज्ञान वहादुर राकाशको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउं भनी निज मृतकको श्रीमती नाता पर्ने मिनाकुमारी राकसले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ। बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १११बमोजिम निज मृतक ज्ञान वहादुर राकाशको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिननपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको गुल्मी शाखामा आउनुहोला। अन्यथा उल्लेखित म्याद भित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराईन्छ। पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ।

**गुल्मी शाखा, नेपाल एसबिआई बैंक लिमिटेड**
फोन नम्बर :- ०७९–५२१०२९
फ्याक्स :- ०७९–५२११९४

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्क:
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुखखानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्क:
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297



धानको बीउ राख्नको लागि तयार फाँट :वारि गुल्मीको छबिसे, नेजवङ्, फिनिबगर, कुमालटारीसँगै पारि अर्घाखाँचीका विभिन्न फाँटहरू, त्यहीँ फाँटमा धानको बिउ राख्नको लागि खेतमा अहिले कृषकहरू खनजोतको काम गर्दैछन् । यस वर्ष मनसुन छिट्टै भित्रिएसँगै किसानहरू निकै खुशी देखिए पनि बेलैमा मल बीउ नपाउँदा भने चिन्तित भएको बताउँछन् । तस्विरः डीबी टण्डन(विजय)

# भिजिट भिसा छानविन समिति रास्वपाद्वारा अस्वीकार




बुटवल। सरकारले पूर्व मुख्य सचिव शंकरदास वैरागीको नेतृत्वमा भिजिट भिसा प्रकरणको छानबिनका लागि समिति गठन गरेपछि राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले आपत्ति जनाएको छ।

मंगलबार रास्वपाले एक प्रेस विज्ञप्ति जारी गर्दै भिजिट भिसाको आवरणमा भइरहेको मानव तस्करी र ठगी जस्तो गम्भीर सङ्गठित अपराधको छानबिन गर्न पूर्व मुख्यसचिव वैरागीको नेतृत्वमा स्वार्थ प्रेरित र कमजोर समिति गठन गरिएको बताएको छ।

निष्पक्ष छानबिनको मर्म विपरीत, कर्मकाण्डी र नागरिकको आँखामा छारो हाल्ने षड्यन्त्रको निरन्तरतामा सरकारद्वारा गठित समिति पूर्णरुपमा अस्वीकार गरिएको रास्वपाका प्रवक्ता मनिष झाले बताए।

प्रवक्ता झाद्वारा जारी प्रेस विज्ञप्तिमा भनिएको छ,'भिजिट भिसा प्रकरण सामान्य प्रशासनिक त्रुटि थिएन, होइन । यो राजनीतिक र प्रशासनिक संरक्षणमा फस्टाएको सङ्गठित अपराधको सञ्जाल थियो, छ । जसमा गृहमन्त्रीकै परोक्ष संलग्नताको आशङ्का र प्रत्यक्ष संरक्षणको प्रारम्भिक प्रमाण एवं कार्यान्वयन तहका कर्मचारीहरूको सक्रिय सहभागिता प्रस्टै देखिएको छ । तर, पछिल्लो प्रकरण छानबिनको कार्यादेशसमेत नदिई सरकारको बफादार आदेशपालक र शक्तिका सदाबहार समर्थकको नेतृत्व र छानबिन गरिनुपर्ने मन्त्रालयहरूकै उच्चपदस्थ कर्मचारीको संलग्नतामा समिति बनाइनु समस्याको दीर्घकालीन समाधान खोज्न होइन, सम्भावित दोषी उम्क्याउन हो भन्ने हाम्रो ठहर छ। सरकारको यो निर्णयले न दोषी पहिचान हुन्छन्, न पीडितले न्याय पाउँछन्। नत पद्धतिमा नै सुधार हुन्छ।'

भिजिट भिसा प्रकरणमा ठुला भनिएका नेता र उच्चपदस्थ कर्मचारीसमेत तानिन सक्ने सम्भावनाका कारण स्वार्थवश कमजोर समिति बनाएर छानबिन ढिसमिस पार्ने सरकारको उद्देश्यप्रति खबरदारी गर्दै गठित समिति तत्काल खारेज गर्न रास्वपाले माग समेत गरेको छ।

# लुम्बिनी खुकुरी, एशियन बुद्ध र न्यु होराइजन विजयी

भैरहवा । जिल्लास्तरीय 'एशियन बुद्ध टी-१० क्रिकेट प्रतियोगिता' अन्तर्गत मंगलबार भएका तीन खेलमा लुम्बिनी खुकुरी क्रिकेट क्लब, एशियन बुद्ध र न्यु होराइजन विजयी भएका छन् । रुपन्देहीको भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदानमा भएको पहिलो खेलमा लुम्बिनी खुकुरीले एक्सपर्ट क्लबलाई ८ विकेटले पराजित गरी जित हात पारेको छ।

टस हारेर ब्याटिङको निम्तो पाएको एक्सपर्टले ७.५ ओभरमा सबै विकेट गुमाएर जम्मा ४७ रन बनायो । जवाफी ब्याटिङ गरेको लुम्बिनी खुकुरीले ४.५ ओभरमा २ विकेट गुमाएर ५२ रन बनाउँदै सहज जित हात पार्यो। खेलमा ४ विकेट लिएका खुकुरीका शाहब आलम प्लेयर अफ द म्याच बने।

यस्तै, दोस्रो खेलमा एशियन बुद्धले बुद्ध क्रिकेट क्लबलाई ४९ रनले पराजित गरेको छ। टस जितेर ब्याटिङ गरेको एशियन बुद्धले ६ विकेट गुमाएर १ सय २१ रनको बलियो योगफल बनायो। जवाफी ब्याटिङ गरेको बुद्ध क्रिकेट क्लबले पुरै ओभर खेली ६ विकेट गुमाएर ७२ रन मात्रै बनायो र हार व्यहोर्यो । खेलमा ६८ रन र १ विकेट लिएका एशियन बुद्धका कृष्ण कार्की प्लेयर अफद म्याच घोषित भए।

यस्तै, तेस्रो खेलमा न्यु होराइजनले टीम एभेन्जर्सलाई ७४ रनले पराजित गरेको छ। टस हारेर ब्याटिङ गरेको होराइजनले ५ विकेटको क्षतिमा १ सय ५ रन बनायो । जवाफी ब्याटिङ गरेको एभेन्जर्स ९.४ ओभरमा अलआउट हुँदै जम्मा ३१ रन मात्रै बनायो र हार व्यहोर्यो। खेलमा ४४ रन बनाउनुका साथै २ विकेट लिएका होराइजनका आरिफ खान प्लेयर अफ द म्याच भए।

प्रोफेसनल मास्टर्स-११ क्रिकेट क्लब, भैरहवाको आयोजनामा संचालित प्रतियोगिताको विजयी टिमले ८० नगद र उपविजेताले नगद ४० हजारसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन्।

यस्तै, सेमिफाइनल पुग्ने दुईवटा टिमलाई नगद १०-१० हजार प्रदान गरिने छ। आयोजकका अनुसार प्रतियोगितामा म्यान अफ द सिरिजलाई नगद १२ हजार, बेस्ट ब्याटर र बलरलाई नगद ८-८ हजार, प्रत्येक खेलको म्यान अफ द म्याचलाई १ हजार दुई सय रुपैयाँ प्रदान गरिने छ।

यस्तै, उत्कृष्ट क्याच र सर्वाधिक छक्का प्रहार गर्ने खेलाडीलाई समेत समान २ हजार ५ सय तथा दर्शकदिर्घाबाट छक्का क्याच गर्ने दर्शकलाई पाँच सय रुपैयाँ पुरस्कार प्रदान गरिने छ। प्रतियोगिताको मुख्य प्रायोजकमा भैरहवाको एशियन बुद्ध होटल रहेको छ। मौसमका कारण बीचमा एक दिन खेल नहुँदा प्रतियोगिता असार १२ गतेसम्म चल्ने भएको छ।

# इरानबाट बुटवलका दुईजनाको उद्दार




बुटवल। द्वन्द्वग्रत इरानबाट २ नेपालीको उद्धार भएको छ।

भारतको सहयोगमा इरानको मसदबाट उद्धार गरिएका दुई नेपाल भारतको राजधानी नयाँ दिल्ली पुगेको त्यहाँस्थित नेपाली दूतावासले बताएको छ।

उद्धार हुनेमा गणेश पोखरेल र सुमन गैरे रहेका छन्। उनीहरुलाई नेपाली दूतावास र भारतीय विदेशमन्त्रालयका अधिकारीहरुले विमानस्थलमा स्वागत गरेका थिए । उनीहरू बुटवलका लागि प्रस्थान गरेको दूतावासले बताएको छ।

इरानमा कुल १६ नेपाली रहेकोमा भारतकै सहयोगमा ११ जनाको उद्धारको प्रक्रिया अघि बढेको परराष्ट्रमन्त्रालयले जनाएको छ।

बाँकी ५ जना भने इरानकै जेलमा रहेको बताइएको छ।

इजरायल-इरानबीच युद्ध चर्किएसँगै इजरायलमा रहेका नेपालीहरुको उद्धारका प्रक्रिया पनि सरकारले सुरु गरेको छ।

नेपाल फर्किन चाहने नेपालीको विवरण लिन सरकारले सुरु गरेकोमा सोमबारसम्म ८८५ जनाले नाम दर्ता गराएको परराष्ट्रमन्त्री आरजु राणाले जानकारी दिएकी थिइन्।

आन्तरिक राजस्व कार्यालय कृष्णनगरद्वारा जारी सन्देश ॥

१. कर तिर्ने संस्कार बनाऔं, इमानदार नागरिकको परिचय दिऔं।
२. साँचो आम्दानी खुलाऔं, पारदर्शिता अपनाऔं।
३. नक्कली बिलको प्रयोग रोकौं, सत्य कारोबार गरौं।
४. व्यवसाय दर्ता समयमै गरौं, कर प्रक्रिया सहज बनाऔं।
५. भ्याट बिल काट्ने र दिने दुवैले दायित्व निभाऔं।
६. छोटो बाटो होइन, कानुनी बाटो अपनाऔं।
७. कर प्रणालीमा विश्वास बढाऔं, सेवाको स्तर उकासौं।
८. इमानदार करदाता बनौं, सुसंस्कृत समाज बनाऔं।
९. आन्तरिक राजस्वसँग सहकार्य गरौं, पारदर्शी प्रशासन बनाऔं।
१०. राष्ट्र निर्माणमा करको महत्व बुझौं, समयमै तिरेर उदाहरणीय बनौं।

आन्तरिक राजस्व कार्यालय
कृष्णनगर, कपिलवस्तु

आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !

आइडिया डिजाइनर्स/अफसेट प्रेस

सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

# रविको पक्षमा बुटवलमा पनि हस्ताक्षर अभियान




बुटवल। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बुटवल वडा नं ११ समितिले सभापति रवि लामिछानेलाई न्याय दिलाउन हस्ताक्षर अभियान चलाएको छ।

पार्टीका वडा सभापति सुनिल शाहीको अगुवाईमा बुटवल देविनगर चौपारीमा हस्ताक्षर संकलन गरिएको हो। अभियानका क्रममा रविमाथि राजनीतिक प्रतिशोध भएकोमा ऐक्यवद्धता जनाउँदै करिब पांच सय जनाले हस्ताक्षर गरेका सभापति शाहीले बताए।

सोमबार पार्टीको केन्द्रीय कार्यालयमा बसेको सचिवालय बैठकले लामिछानेमाथि षड्यन्त्रपूर्वक राज्यसंयन्त्र र कानूनलाई अस्त्रिकरण गर्दै प्रतिशोधपूर्ण झुट्टा मुद्दा लगाइएको दाबी गर्दै 'प्रतिशोधविरुद्ध न्यायका लागि वृहत अभियान' अन्तर्गत हस्ताक्ष अभियानलाई व्यापक बनाउने निर्णय गरेको हो।

'सहकारी वचतकर्ताका करोडौं, अरबौं रकम अपचलनमा संलग्न सहकारी सञ्चालक, व्यवस्थापकहरु १०-२० लाख धरौटी बुझाएर एकै दिन पनि प्रहरी हिरासतसमेत नबसी अदालतबाट रिहा हुने तर सहकारी रकम अपचलनमा कहीँकतै संलग्नता नभएका र संसदीय छानबिन समितिले समेत सहकारीबाट रकम अपचलन गर्नमा संलग्नता देखिएन भनी स्पष्ट किटान भएका रवि लामिछानेलाई फसाउने नियतले सरकारले लगाएको झुठा मुद्दा विरुद्ध 'प्रतिशोध विरुद्ध न्यायका लागि वृहत अभियान' अन्तरगत हस्ताक्षर अभियानलाई व्यापक बनाउने'-बैठकपछि झाद्वारा जारी विज्ञप्तिमा उल्लेख छ।

# पामिरमा निःशुल्क आँखा परीक्षण शिविर



तिलोत्तमा ।पामिर इन्टरनेशनल एकेडमीमा अध्ययनरत विद्यार्थीहरुका लागि निःशुल्क आँखा शिविर सञ्चालन गरिएको छ।

विद्यालयमा अध्ययनरत कक्षा एकदेखि १० सम्मका विद्यार्थीहरुका लागि निःशुल्क आँखा परीक्षण शिविर सञ्चालन गरिएको विद्यालयका प्राचार्य गोपाल गौतमले जानकारी दिए।

शिविरमा श्रीकृष्ण नेत्रालय प्रालिका चिकित्सक तथा स्वास्थ्यकर्मीले विद्यार्थीहरुको आँखा परीक्षण गरेको उनले बताए।

सोमबारदेखि सुरु भएको आँखा परीक्षण शिविर मंगलबार सकिएको विद्यालयले जनाएको छ।

विद्यार्थीहरुको आँखामा हुन सक्ने समस्या, पुर्व सावधानीका उपाय र आँखा सुरक्षामा ध्यान दिन अपनाउनुपर्ने तरिकाका बारेमा समेत विद्यार्थीहरुलाई सचेतना जगाउन यस्तो शिविर गरिएको प्राचार्य गौतमले जानकारी दिए।

स्वच्छ सहर- स्वस्थ्य सहर

- धुवाँ बढी फाल्ने सवारी साधनको प्रयोग नगरौं,
- सवारी साधनको समय समयमा मर्मत सम्भार गरौं,
- तोकिएको स्थानमा मात्र फोहोर फालौं, जथाभावी नफालौं,
- करेसाबारी, सडक छेउ र सार्वजनिक स्थानमा वृक्षारोपण गरौं,
- सार्वजनिक स्थलका बोट विरुवा तथा फूलको संरक्षण गरौं,
- स्वच्छ पानी र सरसफाइमा ध्यान दिऔं,
- ध्वनि र वायु प्रदुषण कम गरौं,
- सडकको समय समयमा मर्मत संभार गरौं,
- सडकमा निर्माण सामग्री नराखौं,

'सहरलाई सुन्दर बनाऔं।'

नेपाल सरकार
विज्ञापन बोर्ड

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com